# पञ्चकन्या गाउँपालिका
Panchakanya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipality Executive
लाकुरीभञ्ज्याङ, नुवाकोट
Lakuribhanjyang, Nuwakot
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


प.सं.:२०८२/०८३
सू.नं. ४१

मिति २०८२/१२/३०

सूचना ! सूचना !! सूचना !!!

यस पञ्चकन्या गाउँपालिका अन्तर्गतका विभिन्न स्थानहरुबाट सार्वजनिक सडक, बाटो, फुटपाथ तथा अन्य सार्वजनिक स्थानमा गहुँको छ्वाली, बालुवा, गिटी, ढुंगा लगायतका निर्माण सामग्री तथा अन्य वस्तुहरू अनाधिकृत रूप रहेको र आवतजावतमा बाधा उत्पन्न भएको साथै बर्षातको समय सूरु भएकोले सडक ड्रेन बन्द हुँदा भलवाढी खेतियोग्य जमिन, वस्तीहरुमा पछि क्षति पुऱ्याएको भनि गुनासो प्राप्त भएकाले यस पञ्चकन्या गाउँपालिका वडा नं. १ देखि ५ सम्मका बासिन्दा तथा सरोकारवालाहरूलाई यस्तो कार्य तत्काल बन्द गर्न तथा राखिएका सामग्रीहरू हटाउन देहाय बमोजिमको निर्देशन तथा जानकारी गराईन्छ।

क) तोकिएको समयभित्र नहटाएमा गाउँपालिकाले आफैं हटाई सोको खर्च सम्बन्धित व्यक्तिबाट असुल गरिनेछ।

ख) स्थानीय कानून बमोजिम जरिवाना तथा अन्य कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

कारणः

- सडकमा गहुँको छ्वाली, बालुवा, गिटी वा अन्य सामग्री राख्दा सवारी साधन चल्न गाह्रो भएको र वर्षातको पानि जाम भै सडकको छेउछाउँमा पहिरो जाने तथा बाटो जाम हुन सक्ने भएको साथै यस्तो अवस्थामा दुर्घटनाको जोखिम पनि बढ्ने भएको कारण,
- आपतकालीन अवस्थामा एम्बुलेन्स वा दमकल छिटो पुग्नुपर्छ। सडक अवरुद्ध भएमा बिरामीको ज्यान जोखिममा पर्न सक्छ वा आगलागी नियन्त्रण गर्न ढिला हुने भएको कारण,
- सडकमा सामग्री राख्दा पैदल यात्रुहरूलाई हिंड्न समस्या हुन्छ र सवारीसँग ठोक्किने सम्भावना बढ्छ। यसले दुर्घटना निम्त्याउन सक्ने भएको कारण,
- सार्वजनिक सडक, नाला, फुटपाथ आदि सबैको साझा सम्पत्ति हुन्। यिनलाई व्यक्तिगत प्रयोगमा ल्याउँदा क्षति पुग्न सक्छ र अन्य व्यक्तिहरूको अधिकार हनन हुने भएको कारण।

उद्देश्य

क. सडक अवरोध हटाउन,
ख. आपतकालीन सवारी सहज बनाउन,
ग. दुर्घटना रोक्न र सुरक्षा बढाउन,
घ. सार्वजनिक सम्पत्ति जोगाउन।

(हिरांधन राई)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ/कार्यार्थः
श्री वडाहरु कार्यालय (सबै), पञ्चकन्या गाउँपालिका, नुवाकोट।
श्री पञ्चकन्या ईलाका प्रहरी कार्यालय, पञ्चकन्या गाउँपालिका, नुवाकोट।
श्री नगर प्रहरी, पञ्चकन्या गाउँपालिका, नुवाकोट।